# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कात्तिक १६ गते २०३३ साल

श्री ५ को सरकार

### जल तथा विद्युत् मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले तौलिहवा खानेपानी योजनाको लागि पानीपोखरी र चौकीदार भवन आदि निर्माण गर्न लुम्बिनी अञ्चल, कपिलवस्तू जिल्ला, कपिलवस्तू आदर्श गाउँ पञ्चायत वडा नं. १ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व कि. नं. ४,६,७,८,१०,११,१३ को जग्गा, पश्चिम कि. नं. ४,५,६,७,८,९,१३ को जग्गा, उत्तर पालपारा जाने बाटो, दक्षिण छोटकी तौलिहवा (बहादुरगञ्ज) जाने बाटो यति ४ किल्लाभित्रको कि. नं. ४ मध्येबाट ०–५–४, कि. नं. ५ मध्येबाट ०–३–२, कि. नं. ६ मध्येबाट ०–४–१, कि. नं. ७ मध्येबाट ०–१–१६, कि. नं. ८ मध्येबाट ०–२–१५, कि. नं. ९ मध्येबाट ०–२–८, कि. नं. १० मध्येबाट ०–०–१०, कि. नं. ११ मध्येबाट ०–१–१६, कि. नं. १३ मध्येबाट ०–१–१७ समेतको जम्मा जग्गा विगहा १–३–९ (एक विगहा तीन कट्ठा नौ धुर) को जम्मा मालपोत रू. ५९।८२ ( उनन्साठी रूपैयाँ बयासी पैसा ) लागेको कित्ता।

आज्ञाले–
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको का. मु. सचिव



४६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।